चितवनको माडी बाट ई पेपरमा प्रकाशित हुने ........

# सरु अनलाईन ई-पेपर

सम्पर्क का लागी :
सरु अनलाईन ई-पेपर परिवार
मा न पा - ५, बसन्तपुर, माडी, चितवन
बसन्तपुर माडी चितवन
फोन नं ९८१५२७३९४४
ई-मेल : SARUONLINEEPAPER@GMAIL.COM

☼ बर्ष : १ ☼ अंक : ३ ☼ २०७२ चैत्र ७ गते (आईतबार) ☼ (साप्ताहिक) ☼ पेज : ६ ☼ साप्ताहिक

## रेडियो माडी द्धारा होली उत्सब २०७२ आयोजना




नेपालीहरुको महान पर्व होली को अवशरमा सामुदायिक रेडियो माडीले चैत्र १० गते होली बिशेष कार्यक्रम संचालन गर्ने भएको छ । श्रोता र रेडियो बिच सुमधुर सम्बन्ध कायम गर्ने उद्धेस्यका साथ संचालन गरीने उक्त कार्यक्रममा माडीको बनकटा देखि कृष्णनगर सम्म बिभिन्न ठाँउमा पुगेर श्रोता संग होली खेल्ने छ ।चैत्र १० गते बिहान १० बजे बनकटा, ११ बजे बरुवा, १२ बजे बसन्तपुर, १ बजे कल्याणपुर, २ बजे किर्तनपुर, ३ बजे देवेन्द्रपुर, ४ बजे खरकटा र ५ बजे कृष्णनगरमा श्रोता संग होली खेल्ने छ ।कार्यक्रमले श्रोता र प्रस्तोता बिचको सम्बन्ध प्रगाढ हुने रेडियोले बिश्वास लिएको छ ।

## बैसले मातिएकि पार्वती राईको चर्तिकला



नेपाली संगीत बजारमा अर्को एउटा लोक दोहोरि गीत “मातिएर होकी “ले यतिबेला बजार तताएको छ,जसमा ऋषि खड्का , कृष्ण गुरुङ्गको सुमधुर आवाज रहेको छ भने सब्द चिरन पुन , किशन गर्बुजा पुनको र लय गायक खड्काको नै रहेको छभिडिओमा पार्वती राइको छोटो पोशाक र किशन पुनको अभिनय संगै नित्र्य पनि देख्न सकिन्छ,गीत निकै राम्रो भएको र गीतले चर्चा बटुल्नेमा चिरन पुन र किशन पुन ढुक्क भएको अनि दर्शक स्रोता बाट राम्रो प्रतिक्रिया आएको बताउछनसप्तरिशि संगीत प्रा। लि। मार्फत बजारमा आएको उक्त गीतको भिडिओ हेर्नुहोश –




## फेसबुकमा तपाइँलाई कसले अनफ्रेण्ड गर्‍यो रु यसरी थाहा पाउनुहोस्



सोसल नेटवर्किंगको यो दुनियामा फेसबुक सबैभन्दा लोकप्रिय सोसल नेटवर्किंग साइटको रुपमा रहेको छ ।दुनियामा डेढ अर्ब भन्दा बढि मानिसले फेसबुक चलाउँदछन् । फेसबुकमा धेरै भन्दा धेरै साथीहरु हुनु व्यक्तिको सामाजिक दायरा विस्तारको द्योतक पनि मान्न सकिन्छ । तर कहिलेकाहीं अचानक हाम्रो फेसबुक फ्रेण्ड लिष्टमा भएका साथीहरुको संख्या बढ्नुको साटो घटेको हुन्छ । यसको मतलब कसैले तपाइँलाई अनफ्रेण्ड गरिदिएको हुन्छ ।तपाइँलाई कसले फेसबुकबाट हटाइदियो भनेर थाहा पाउन फेसबुकले कुनै नोटिफिकेसन उपलब्ध गराउँदैन र यो कुरा जान्नका लागि फेसबुकले कुनै फिचर उपलब्ध गराएको पनि छैन । तर यदि तपाइँले सानो जुक्ति लगाउनुभयो भने तपाइँलाई फेसबुकमा कसले अनफ्रेण्ड गर्‍यो भन्ने कुरा थाहा पाउन सक्नुहुन्छ ।हालै एउटा यस्तो एप लञ्च भएको छ, जसको प्रयोग गरेर तपाइँले आफुलाई फेसबुकबाट अनफ्रेण्ड गर्ने मानिस चिन्न सक्नुहुन्छ । हु डिलिटेड मी नामक यो एपद्वारा तपाइँले फेसबुकमा तपाइँलाई कसले ब्लक गर्‍यो भन्ने कुरा पनि जान्न सक्नुहुन्छ ।साथै यो एपले हालै तपाइँको अनफ्रेण्ड लिष्टमा को मानिस थपियो भन्ने कुराको सूचि पनि देखाइदिन्छ अनि तपाइँको कुन साथीले आफ्नो अकाउण्ट निस्कृय पार्‍यो वा पुनः सक्रिय तुल्यायो भन्ने कुरा पनि थाहा पाउन सकिन्छ ।यसका लागि तपाइँले आफ्नो स्मार्टफोनमा यो एप डाउनलोड गर्नुपर्ने हुन्छ । एप डाउनलोड गर्नुभन्दा पहिले कसैले तपाइँलाई अनफ्रेण्ड गरिसकेको छ भने चाहीं त्यो थाहा पाउन सक्नुहुनेछैन तर एप डाउनलोड गरिसकेपछि तपाइँलाई अनफ्रेण्ड गर्नेको बारेमा जानकारी प्राप्त गर्न सक्नुहुनेछ । यो एप हाल एन्ड्रोइड स्मार्टफोन प्रयोगकर्ताका लागि मात्र उपलब्ध छ । एप डाउनलोड गर्न प्लेस्टोरमा गएर whodeletedme एप सर्च गरेर इन्स्टल गर्नुपर्नेछ ।

## सुष्मा मिस माडी



मञ्जरी ग्रुपको आयोजनामा भएको मिस माडी-२०१६ को उपाधि माडी कल्याणपुर निवासी सुष्मा गुरुङले जितेकी छन् । ९ प्रतिस्पर्धीलाई पछाडि पार्दै १९ वर्षीया गुरुङले उपाधि जितेकी हुन् । प्रतियोगिताको फस्ट रनरअपको उपाधि माडी खैरहनी निवासी पूजा पाण्डेले जितिन् । सेकेण्ड रनरअपको उपाधि माडी बरुवाका लजिना दवाडी र माडी कल्याणपुरका सम्झना सुवेदीले हासिल गरेका छन ।

चितवनको माडी बाट ई पेपरमा प्रकाशित हुने ......

सरु अनलाईन ई-पेपर

**कार्यकारी निर्देशक :**
किशोर पौडेल (९८४५६७४३६५)
**प्रधान सम्पादक :**
मिलन न्यौपाने (९८४५६२३७५६)
**सम्पादक :**
किरण पौडेल (९८४५३२८२०४)
जिवन रानाभाट (९८१५२७३९४४)
**सल्लाहकार :**
बिशाल आले मगर
अशोक परियार
हिरा आले मगर
ईमेल : *sauonlineepaper@gmail.com*

## सम्पादकीय :

### प्रकाशकको आग्रह

चितवन को दुर्गम क्षेत्र मानिने माडी क्षेत्रमा पनि साहित्य तथा पत्रकारीताको बिकास संगै बिभिन्न पत्र-पत्रिका, साहित्यीक पत्रिका हरु प्रकाशित हुन लागेका छ न। जतिसुकै साहित्यीक पत्रिका र समाचार मुलक पत्रिका हरु प्रकाशित भ ए पनि युवा पुस्ताका साहित्यीक लेख रचना तथा माडीका स्थानिय समाचार हरुलाई मुख्य प्राथमिकता भने दिएको पाईएको छैन । यसको अर्थ हामिले अथवा सरु अनलाईन ले नै यो सबै गर्छ भन्ने चाँही होईन त र केहि ह द सम्म चाँही युवा पुस्ता लाई नै प्राथमिकता दिनेछ । सुरुवाती चरणमा ई -पेपर र तपाई हरुको माया पछि हामी पत्रिका नै निकाल्ने जानाकारी पनि गराउन चाहान्छौ । बच्चा हरु काँचो माटो हुन तिनिहरुलाई जस्तो बनाईन्छ, उनिहरु त्यस्तै हुन्छन भने जस्तै सरु अनलाईन पनि हअिले काँचो माटो हो । यसलाई फलाउने, फुलाउने तथा हुर्काउने जिम्मा म तपाईहरु माझ छोड्दछु ।

## चितवनको राजस्व लक्ष्यमा नपुग्ने संकेत ,आठ महिनामा आधामात्र संकलन

नाकाबन्दीको कारण चितवनको राजस्व संकलनमा प्रभाव परेको छ । आन्तरिक राजस्व कार्यालयका अनुसार दोस्रो चौमासिक अवधिमा लक्ष्यभन्दा २४ प्रतिशत कम राजस्व संकलन भएको छ । राजस्व संकलनको मुख्य क्षेत्र मानिएको अन्तः शुल्क कर २८ प्रतिशतले कम संकलन भएपछि समग्र कर संकलनमा नराम्ररी प्रभाव परेको हो । फागुन महिनासम्ममा ८ अर्ब ५१ करोड १५ लाख ६१ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य रहेकोमा जम्मा ६ अर्ब ४५ करोड ४९ लाख ७१ हजार रुपैयाँमात्र राजस्व संकलन भएको कार्यालय प्रमुख टीकाराम भुषालले जानकारी दिए । नाकाबन्दीको कारण इन्धन अभाव भई उद्योग सञ्चालनमा नआउनु, ढुवानीमा समस्या हुनु, कच्चा पदार्थको अभाव हुनु जस्ता कारणले राजस्व संकलनमा प्रत्यक्ष प्रभाव परेको कार्यालयले जनाएको छ । आर्थिक वर्ष ०७२ ÷०७३ का लागि लिइएको राजस्व संकलनको लक्ष्य पूरा नहुने अवस्था रहेको प्रमुख भुषालले जानकारी दिए । चालु आवका लागि राजस्व संकलन लक्ष्य ११ अर्ब ७७ करोड १४ लाख ७ हजार रुपैयाँ रहेको छ । हालसम्म जम्मा ६ अर्ब ४५ करोड ४९ लाख ७१ हजार रुपैयाँमात्र राजस्व संकलन भएको छ । बाँकी चार महिनामा त्यति नै राजस्व संकलन गर्न गाह्रो हुने भएकाले लक्ष्य भेट्न नसकिने उनले बताए । अन्तःशुल्क करमा यस अवधिभरमा ७ अर्ब ३५ करोड, ७९ लाख ५४ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य लिइएकोमा लक्ष्य भन्दा २ अर्ब ६ करोड रुपैयाँ कम संकलन भएको भुषालले बताए । उनको अनुसार अन्तःशुल्क जम्मा ५ अर्ब २९ करोड ६६ लाख ५२ हजार रुपैयाँमात्र संकलन भएको छ । कार्यालयले सबैभन्दा बढी यसै शीर्षकमा कर उठाउँदै आएको छ । चालु आवमा पनि अन्तः शुल्क करतर्फ ९ अर्ब ९४ करोड ३१ लाख ८२ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य लिइएको छ । २ अर्ब ६ करोड रुपैयाँ लक्ष्यभन्दा कम राजस्व संकलन भएको कार्यालयले जनाएको छ । उनका अनुसार ७५।८४ प्रतिशत मात्र राजस्व असुली भएको छ । आयकर, व्याजकर र शिक्षा सेवा कर लक्ष्यभन्दा बढी संकलन भए पनि घरबहाल कर, अन्तःशुल्क कर, मूल्य अभिवृद्धि कर र स्वास्थ्य सेवा कर लक्ष्यभन्दा कम संकलन भएको छ । दोस्रो चौमासिक अवधिमा आयकरतर्फ ४८ करोड ६४ लाख २३ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य लिएकोमा उक्त लक्ष्यभन्दा ११ प्रतिशत बढी अर्थात् ५४ करोड १ लाख २९ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ । त्यस्तै, व्याजकरतर्फ ३ करोड ७८ लाख ४५ हजार रुपैयाँ लक्ष्य लिइएकोमा लक्ष्यभन्दा ९ प्रतिशत बढी अर्थात् ४ करोड १५ लाख २५ हजार रुपैयाँ संकलन भएको प्रमुख भुषालले जानकारी दिए । शिक्षा सेवा करतर्फ लक्ष्यभन्दा ३१ प्रतिशत बढी राजस्व संकलन भएको छ । कार्यालयका अनुसार यस अवधिमा शिक्षा सेवा करमा ८९ लाख ६७ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य लिइएकोमा १ करोड १७ लाख ४७ हजार रुपैयाँ राजस्व संकलन भएको छ । चालु आवका लागि आयकर तर्फ ८५ करोड ३३ लाख ७४ हजार रुपैयाँ, बहालकरतर्फ ६ करोड ७६ लाख १७ हजार रुपैयाँ, व्याज करतर्फ ५ करोड ४ लाख ६१ हजार रुपैयाँ, मूल्य अभिवृद्धिकर तर्फ ७३ करोड १६ लाख २६ हजार रुपैयाँ, अन्त शुल्क करतर्फ ९ अर्ब ९४ करोड ३१ लाख ८२ हजार रुपैयाँ, स्वास्थ्य सेवा करतर्फ १० करोड ६८ लाख ४६ हजार रुपैयाँ र शिक्षा सेवा करतर्फ १ करोड ८३ लाख १ हजार रुपैयाँ राजस्व संकलन लक्ष्य लिएको कार्यालयले जनाएको छ । फागुन महिनामा मात्र भने राजस्व संकलन बढेको छ । कार्यालय प्रमुख भुषालका अनुसार फागुन महिनामा मात्र राजस्व संकलन लक्ष्य १ अर्ब ७० लाख लक्ष्य लिइएकोमा १ अर्ब ३ करोड ५६ लाख ७३ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ । साढे १८ लाख राजस्व संकलन नवलपरासीको कावासोतीमा रहेको नापी कार्यालय कावासोतीले पछिल्लो सात महिनामा साढे १८ लाख रुपैयाँ राजस्व संकलन गरेको छ । नापी कार्यालय कावासोतीका प्रमुख नापी अधिकृत इन्द्रसिंह विष्टका अनुसार नाक्सा प्रिन्टबाट सबैभन्दा बढी ११ लाख ६४ हजार ६४० रुपैयाँ राजस्व संकलन भएको छ । त्यस्तै, नक्सा टे«सबाट ३ लाख ७ हजार ६०० रुपैयाँ, फिल्ड रेखांकनबाट ३ लाख ६२ हजार ९ सय ४३ रुपैयाँ, फिल्ड बुक उतार दस्तुर एक हजार ४९० रुपैयाँ र जग्गा धनी प्रमाण पूर्जाबाट ६ हजार ३०० गरी १८ लाख ४२ हजार ९७३ रुपैयाँ आर्थिक संकलन भएको हो ।

## साप्ताहिक राशिफल :




मेष :कामामा प्रगती हुनेछ । सामाजीक काममारूची बढ्नेछ ।
बृष :धनको हानी । कार्यमा अवरोध । विवादमा पर्ने साम्भावना ।
मिथुन : अग्नि वहानको भय हुनेछ । प्रेममा झगडा पर्नेछ ।
कर्कट : परिवारमा सुख प्राप्त हुनेछ । जमिन प्राप्त हुनेछ ।
सिंह : आलस्यता पैदा हुनेछ । बैदेशिक यात्राको योग छ ।
कन्या :साथीभाईको सहयोग हात पर्ने। नविन कार्य सफल हुने ।
तुला : व्यवसाय मध्यम हुने । जिवनमा सुख छाउनेछ ।
वृश्चिक: शारिरिक कष्ट । कडा परिश्रम गर्नुपर्ला ।
धनु : शिक्षा क्षेत्रमा सफलता मिल्नेछ । प्रेममा धोका होला ।
मकर : तिर्थ यात्रामा रूची बढ्नेछ । भोजनको अवसर मिल्नेछ ।
कुम्भ :रमाईलो दिन छ । कार्यमा बाधा आउन सक्छ ।
मिन :अशुभ कुराहरू सुन्न पर्ला । दिन राम्रो छैन ।

# फ्रेस फेसस् 'नाई नभन्नु ल ४' नायिका भन्छिन् आफू खराब भए अरुले खराबै व्यवहार गर्छन्



चलचित्र क्षेत्रमा पाइला राख्दै गर्दा आँचल दवाडीले थर परिवर्तन गरेर शर्मा राखिन् । धेरै कलाकारले नाम परिवर्तन गर्छन्, तर आँचल थर परिवर्तन गर्न अग्रसर भइन् । सरु अनलाईनको 'फ्रेस फेस' स्तम्भमा रहेर कुरा गर्दै गर्दा आँचलले भनिन्('दवाडी भन्दा शर्मा सुन्दा राम्रो लाग्यो । फेरि थर परिवर्तन गर्नेहरु सुपरस्टार बनेको पनि मैले सुनेकी छु ।' उसो भए के आँचललाई सुपरस्टार बन्ने भोक लागिसक्यो त, भनिन्('कोही पनि मानिस यो क्षेत्रमा आउँदा म अगाडि जान नै सक्दिन भनेर आउँदैन । मेरो अभिनयलाई सबैले राम्रो भनुन् । सबैले चिनुन्, म कसैको आइडियल बनुँ भनेर आएकी हुँ ।' उनलाई लाग्छ, कोही पनि कलाकार सुपरस्टार बन्नका लागि उसमा आत्मविश्वास हुन जरुरी छ । आफूभित्र आत्मविश्वास भएको बताउने आँचल भन्छिन्('कोही यहाँ एउटा मात्र चलचित्र गर्छु भनेर आएका होलान् । तर, मलाई यही क्षेत्रमा लाग्नु छ र आफैसँग यो क्षेत्रको पनि परिवर्तन गर्नुछ ।' चलचित्र क्षेत्रमा आउने सपना त उनको पुरानै हो । जतिबेला उनी टीभीमा बलिउडका नायिकाहरु मादुरी दिक्षित, दीपिका पादुकोणको नृत्य हेर्दै आफू पनि नाच्थिन्, उनीहरु जस्तै बन्ने सपना थियो उनमा । तर, अहिलेको स्थितीमा आइपुग्छु भन्ने उनलाई लागेको थिएन ।चलचित्र 'नाई नभन्नु ल ४' बाट नेपाली रजतपटमा डेब्यू गरेकी शर्मालाई सुरुमै चुनौती छ । यो चलचित्रमा अन्य २ नायिका पनि भएकाले उनी छायाँमा पर्छिन् कि भन्ने चर्चा पनि हुने गरेको छ ।तर, आँचल भने आफूहरुले काम गर्दा कुनै डाहा र झगडा नभएको बताउँछिन् । उनका अनुसार, प्रियंका कार्की अहिलेकी चलेकी नायिका भएकाले उनीबाट धेरै कुरा सिक्न पाएकी छिन् । अर्की नायिका बर्षा राउतसँग पनि मिलेर काम गरेकाले डाहा नहुने उनको भनाई छ ।



यसपटक 'नाई नभन्नु ल ४' मा के छ त भन्ने प्रश्नमा उनले भनिन्('यसपटक चलचित्रमा हामी छौं । पल, बषर र म नयाँ कलाकार हौं । यसैले हामी जस्ता नयाँ कलाकारलाई साथ दिन पनि दर्शक आउनुहुन्छ भन्ने लागेको छ ।' उनले चलचित्र क्षेत्रका बारेमा जुन कुरा सुनेकी थिइन्, त्यो पाइनन् । चलचित्रमा काम गर्ने मानिसहरु एकदमै सहयोगी भएको उनको बुझाई छ । उनलाई लाग्छ, यदि आफू खराब नहुने हो भने अरु मानिस पनि खराब हुँदैनन् । उनले भनिन्('म खराब छु भनेर अरु पनि खराब बन्छन् । आफूले कसैलाई सम्मान गर्दा अरुले पनि सम्मान नै गर्नेछन् ।' आँचललाई आफू भित्र आत्मविश्वास, इच्छा र सपना, क्षमता, सुन्दरता र सक्षमता भएको भन्दै आफूले यो क्षेत्रमा आएर धेरै कुरा सिकेको बताइन् । दर्शकले आफूलाई एउटा राम्रो कलाकार भनेर चिनुन् भन्ने चाहना यी सुन्दरीको छ ।

## सामाजिक संजाल बाट

**SüSêâ lll Pant Çhhêtrï**
5 hrs

ल बधाइ छ
काठमाण्डौ विश्वको तेस्रो फोहोर शहरमा परेछ ।
नपरोस पनि कसरी ६०१ जना फोहोरीहरु जो बसेका छन ।

**Amrit Acharya**
11 hrs

वास्तमा `Open´अनि `Close´ दुवै
विपरित शब्द हो,
तर मज्जा को कुरा त यो छ कि,
हाम्रो मन Open उसै सँग हुन्छ जो
हाम्रो धेरै Close हुन्छ।

**Ishwori Prasad Dube**
6 hrs

फरक प्रसङ्ग।

जिन्दगिमा मानिसका अनेकन सपनाहरु हुन्छन र ती सपनाहरुलाई सजाउदै घर छोडेर पर पर पुगेका हुन्छन उनैलाई के थाहा सपना बोकेर घर छाडेकाहरुलाई पछि घर फर्किनुनै सपना हुन्छ भनेर।

**SubRat Raja** feeling Comedy
Yesterday at 5:17pm

Someone is Falling in Love .

**Milan Neupane**
March 10 at 8:43am

अरुको दु:ख अनि पीडामा रमाएर के गर्छस।।
मलाई छोडि उसैको हात समाएर के गर्छस।।
बैंसमा त स्याल पनि घोर्ले हुन्छ मैसाब
रुपै रामो छ भनी सान जमाएर के गर्छस।।।

**Navraj Chapagain Nabin**
5 hrs

मन्दिर जस्तो मन भन्थ्यौ कैद कसरी भयो
सधैं अमर भन्ने प्रेम सहिद कसरी भयो
खुलेआम थीयौ हामी लुकेका केही थिएनन्
फेरि त्यो संवन्ध अवैध कसरी भयो

**Rdx Anuj Rijal**
February 28 at 8:48am

मिहिनेत सिढी जस्तै
हुन्छ ...अनी भाग्य लिफ्ट जस्तै । कुनै
पनी समय लिफ्ट बन्द हुन सक्छ तर
सिढी जहिले पनी खुल्ला हुन्छ र उचाई
को तर्फ लैजान्छ । कहिल्यै नआत्तिनु ..!

## रेडक्रस उत्कृष्ट पत्रकारिता पुरस्कारबाट पत्रकार आचार्य सम्मानित



नेपाल रेडक्रस सोसाईटी चितवनले प्रदान गर्ने उत्कृष्ट पत्रकारिता सम्मानबाट पत्रकार राजेन्द्र आचार्य सम्मानित भएका छन् ।रेडक्रस अभियान मार्फत मानविय सेवामा पत्रकारिताको माध्यमबाट महत्वपूर्ण भूमिका खेलेको भन्दै आचार्यलाई जिल्ला शाखाको ४४ औ जिल्ला सभाको अधिवेशनको अवसरमा सम्मानित गरिएको हो ।पत्रकार आचार्यलाई संयुक्त रुपमा नेपा रेडक्रस सोसाईटीका केन्द्रिय उप-सभापति महेन्द्रप्रसाद सिहं, उपमन्त्री हरिप्रसाद न्यौपाने र जिल्ला कार्यवाक सभापति रत्नप्रसाद सापकोटाले दोसल्ला ओढाई सम्मानपत्रले सम्मानित गरिएको थियो ।सो अवसरमा आचार्यसगै नेपाल रेडक्रस सोसाईटीको प्रर्वद्धन विकास र मानविय सेवा सक्रिय केन्द्रिय उपमन्त्री एवं निर्वतमान जिल्ला शाखा चितवनका सभापति हरिप्रसाद न्यौपानेलाई रेडक्रसकर्मी सम्मानबाट सम्मानित गरिएको थियो । यस्तै पूर्व कार्यसमिति सदस्य तथा दोश्रो आजिव सदस्य महेन्द्रलाल प्रदान, नरेसो जुटपानी शाखाका सभापति गणेश शर्मा पौडेल, नरेसो भण्डारालाई पलिो भवन निर्माण गर्न जग्गा प्रदान गर्ने ,हिरामणि वत्तौला र महिला सदस्य वृद्धि प्रोसाहन वृद्धि पुरस्कारबाट महेन्द्रचोक शाखालाई पनि सम्मान गरिएको थियो । भने जुरेस र युवा सर्कल र उत्कृष्ट रक्तदाता सम्मान पछि सम्मान गरिने गरि घोषण गरेको सोसाईटी जगन्नाथ न्यौपानेले जानकारी दिए ।

## पूर्व उपमेयर खतिवडाको निधन

रत्ननगर नगरपालिकाका संस्थापक उपमेयर मोहन खतिवडाको निधन भएको छ । रत्ननगर-७, ज्योतिर्मय टोल निवासी खतिवडाको ५७ वर्षको उमेरमा विहीबार निधन भएको हो ।

लामो समयदेखि किड्नीको समस्या रहेका उनको घरमै निधन भएको परिवारले बताएको छ । सुरुमा आन्द्रामा समस्या रहेका एमालेका जिल्ला सल्लाहकार खतिवडालाई भारतमा उपचार गरी यहाँ ल्याइएको थियो । खतिवडा सामुदायिक सेवा केन्द्र रत्ननगरकी उपाध्यक्ष महादेवी खतिवडाका पति हुन् । खतिवडाका श्रीमती, २ छोरा र २ छोरी छन् । खतिवडाको शुक्रबार देवघाटमा अन्त्येष्टी गरिएको छ ।

चितवनको माडी बाट प्रकाशित हुने साप्ताहिक ई-पेपर मा आफ्नो लेख रचना तथा आफ्नो ठाउमा घटेका घटनाहरूको समाचार पठाउनु परेमा saruonlineepaper@gmail.com मा पठाउनुहोला । यो पत्रिका www.kishorpaudel.com.npमा गएर पनि हेर्न सकिन्छ ।

## सन्जिब पराजुलीको “झिलमिल झिलमिल” गीत सार्वजनिक




कर्णप्रिय स्वरका धनि गायक सन्जिब पराजुलीले दर्शक, स्रोता माझ आफ्नो पहिलो एल्मब “सुनय” लिएर आउँदैछन र उनको “सुनय” एल्बम भित्रकै “झिलमिल झिलमिल” बोलको गीतको म्युजिक भिडियो हालै सार्वजनिक भएको छ होमनाथ न्यौपानेको शब्द रचना रहेको “झिलमिल झिलमिल” बोलको गीतमा दिपक भट्टराईको संगीत र गोपाल रसाइलीको संगीत संयोजन रहेको छ। लक्ष्मण पौडेले निर्देशन गर्नु भएको उक्त गीतको म्युजिक भिडियोमा प्रदीप बास्तोला र वर्षा राउतको जोडीलाई देख्न सकिन्छ ।

## भरतपुर अस्पताल कर्मचारीद्वारा नवनियुक्त मेसुलाई स्वागत




भरतपुर अस्पताल बिकास समिती कर्मचारी युनियनले अस्पतालका नवनियुक्त मेडिकल सुपरिटेण्डेन्ट डा। रुद्र प्रसाद मरासिनीलाई आज शुक्रवार एक कार्यक्रमका वीच भरतपुर अस्पतालमा स्वागत गरेको छ ।कार्यक्रममा भरतपुर अस्पतालका कर्मचारीहरुले नवनियुक्त मेडिकल सुपरिटेण्डन्ट डा। मरासिनीलाई फूलमाला र खादा ओढाएर स्वागत गरेका थिए । अस्पताल बिकास समितीका अध्यक्ष बिजय सुवेदीको प्रमुख आतिथ्यता एवं अस्पताल बिकास समिती कर्मचारी युनियनका अध्यक्ष डा। उन्नत श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै अस्पतालका नवनियुक्त मेडिकल सुपरिटेण्डेन्ट डा। रुद्र प्रसाद मरासिनीले गरिव जनताले स्वास्थ्य लिने भरतपुर अस्पतालमा क्वान्टिटी बढाउने नाममा सेवाको क्वालिटीमा कुनै पनि हालत सम्झौता नगरिने वताउनुभयो । उहाँले मानव जातिले मानव जातिकै हितका लागि सर्वोकृष्ट कार्य गर्ने चिकित्सीय पेशा अगाल्नेहरुले सवै बिरामीहरुलाई समान रुपमा हेर्नुपर्ने वताउनुभयो । भरतपुर अस्पतालले धेरै बिरामीहरुलाई सेवा दिएको भएपनि त्यसको उचित प्रचारप्रसार र डकुमेन्टेशन नहुदा त्यसलाई बिकाउन नसकिएको मेसु मरासिनीको कथन थियो । भरतपुर अस्पताललाई प्रष्तिठान बनाएर अघि बढ्ने, ट्रमा सेन्टर सञ्चालन गर्ने, एनआइसियु सेवा सञ्चालन गर्ने योजनाहरु रहेको मेसु मरासिनीले जानकारी दिनुभयो । भरतपुर अस्पतालसँग आफ्नो कुनै प्रकारको स्वार्थ नभएको भन्दै मेसु डा। मरासिनीले आफ्नो करिअर नै स्वार्थ भएको वताउनुभयो । कार्यक्रममा बोल्दै भरतपुर अस्पतालका अध्यक्ष बिजय सुवेदीले अस्पतालको योजनाबद्ध बिकासका लागि नवनियुक्त मेसु लाग्ने बिश्वास ब्यक्त गर्नुभयो । अध्यक्ष सुवेदीले भन्नुभयो, मैले मेरो सम्पूर्ण जीवन नै समाज परिवर्तन र सामाजिक कार्यका लागि लगाएको छु, अस्पतालको बिकास मात्रै मेरो एक मात्र स्वार्थ हो । उहाँले नवनियुक्त मेसु डा। मरासिनी युवा र क्षमतावान भएको भन्दै उहाँले भरतपुर अस्पताललाई देशका अन्य भागका नमुना अस्पताल जस्तै अस्पतालको रुपमा बिकास गर्न सक्ने अवसर आएको वताउनुभयो

## प्रेम गर्ने प्रेमील मनहरूको लागी एउटा डायरी :



जिवन रानाभाट
मा.न.पा ६ ब्रह्मपुरी

### भुलेर पनि केटीहरूलाई नभन्नुस यि ३ कुरा

कसलाई के भन्न नहुने के भन्न हुने भन्ने कुरा समय र परिस्थितिले निर्धारण गर्छ । तर कतिपय कुरा यस्ता छन् जुन महिलालाई कहिल्यै पनि भन्नु हुँदैन ।यदी तपाइँले त्यस्ता कुरा भन्न थाल्नु भो भन् सम्झिनुस् तपाइँको सम्बन्धको आयु लामो छैन ।थाहा पाइ राख्नुस् कुनै पनि स्त्रीलाई भन्न नहुने ३ कुराः

१ ‘आमाले भन्दा मिठो खाना त कसैले बनाउँदैन’ ।

खासगरी प्रेमिका वा पत्निले यस्तो कुरा सुन्न मन पराउँदैनन् । यस्तो भन्दा उनीहरुले आफू अपमानित भएको महसुस गर्छन् । आमाको प्रसंसा गर्नु एउटा कुरा हो तर प्रेमिका वा पत्नीको अगाडी निरन्तर आमाको प्रसंसा गर्न थाल्नु भो भने तपाइँ गलत गर्दै हुनु हुन्छ । यसको अर्थ तपाइँलाई प्रेमिका वा पत्नि साथमा हुँदा पनि खाली आमाको मात्र याद आउँछ उनीहरुको साथले सुरक्षित लाग्दैन भन्ने हो । यसको असर तपाइँको पार्टनरमा झनै नकारात्मक हुन्छ ।

२ यस्तो कपडा किन लगाएको

यदि तपाइँ प्रेमिका वा कुनै स्त्रीसँग पहिलो भेटमा जाँदै हुनु हुन्छ भने उसले लगाएको पहिरनको विषयमा नकारात्मक कुरा नगर्नुस् । प्रसंसा सुन्न सक्छन् तर स्त्रीले शुरुमै तपाइले पहिरनको विषयमा नकारात्मक टिप्पणी गरेको मन पराउँदैनन् । बरु तपाइँलाई उनको पहिरन मन परेन भने विकल्पमा यस्तो लगाउन सकिन्छ भनेर घुमाउरो भाषामा भन्नुस् तर सिँधै के यस्तो लगाएको वा यस्तो कपडा नलगाउ भन्ने जस्ता कमेन्ट नगर्नुस् । शुरुवाती भेटमा प्रसंसा नै उत्तम हो

३ ‘पैसा तिर’

कुनै पनि महिलासँग कतै जानु भो या रेष्टुरेन्टमा खानु भो भने कहिल्यै पनि पैसा तिर्न नलगाउनुस् । कमसेकम पहिलो भेटमा आफ्नो लागि खर्च गरोस् भन्ने स्त्रीको चाहाना हुन्छ । महिलाले तिर्न खोजे पनि आफू तिर्न तयार भएको सन्देश दिनुस् नत्र तपाइँको इज्जत माटोमा मिल्न सक्छ कम्तिमा ती स्त्रीको नजरमा ।

## चितवनमा ग्याँस कालोबजारी गर्ने एक पक्राउ

रत्ननगर चितवनमा खाना पकाउने ग्याँस सहज भइसकेको बताइरहेका बेला कालोबजारी गरेको फेला परेको छ । विभिन्न ब्राण्डका ग्यासहरु बढी मूल्यमा बिक्री गर्ने गरेको र फरक ब्राण्डको ग्यास साटासाट गर्दा पनि बढी मूल्य लिने गरेको पाईएपछि पूर्वी चितवनको रत्ननगर-२ बाट ग्याँससहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।रत्ननगर-२ स्थित सन्ध्या सिलाइ मेसिन बिक्री केन्द्रले बढी मूल्यमा ग्याँस बिक्री गरेको फेला परेपछि १५ थान ग्याँससहित पसलका सञ्चालक वीरेन्द्र शर्मालाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय टाँडीका प्रहरी नायव उपरिक्षक डिएसपी जयराज सापकोटाले जानकारी दिए । शर्माले ग्यास विक्री गर्दा वढि मुल्य लिने गरेको र साटासाट गर्दा ४ सय बढी लिने गरेको उनले बताए । बढी मूल्यमा विक्री गर्ने गरेको विषेश सुचनाका आधारमा कार्यालयका प्रहरी निरीक्षक मधु नेपालको कमाण्डमा खटिएको प्रहरी टोलीले १० थान नारायणी र ५ थान एचपी व्राण्डको ग्याँससहित शर्मालाई पक्राउ गरेको हो । डीएसपी सापकोटाका अनुसार सो केन्द्रले ग्याँस बेच्ने अनुमति पनि पाएको छैन । पक्राउ परेका शर्माले बिक्रीको अनुमतिपत्र देखाउन नसकेको सापकोटाले बताए । पक्राउ परेका शर्मालाई म्याद थप गरी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । अनुसन्धानपछि सूचनाअनुसार भए गरेको पाईएमा उनलाई कालो बजारी ऐनअन्तर्गत कारबाही अघि बढाइने डीएसपी सापकोटाले बताए ।

## ठूलो परिमाणमा अवैध इन्धन बरामद

चितवन प्रहरीले मंगलबार राति दुई हजार ४०० लिटर इन्धनसहित तीन जनालाई नियन्त्रणमा लिएको छ । वडा प्रहरी कार्यालय नारायणगढले भरतपुर नगरपालिका-४ कमलनगरस्थित एक कवाडी पसलबाट दुई हजार १०० लिटर डिजेल, ३०० लिटर पेट्रोलसहित ५२ हजार रूपैयाँ नियन्त्रणमा लिएको हो । वडा प्रहरी कार्यालय नारायणगढका प्रहरी निरीक्षक सत्यनारायण थापाका अनुसार कारोबारमा संलग्न भएको अभियोगमा कवाड पसलका सञ्चालक स्थानीय ३० वर्षीय टङ्क थापा र उनका सहयोगी भरतपुर उपमहानगरपालिका-२१ बस्ने सुरज बोहोरा र कविलास गाविस-२ बस्ने सुमन विश्वकर्मालाई नियन्त्रणमा लिइएको छ । मंगलबार राति १० बजेको समयमा अवैधरुपमा इन्धन ल्याएर भण्डारण गरी बिक्री गरेको सुराक पाएपछि प्रहरी निरीक्षक थापाको नेतृत्वमा गएको टोलीले ना १ क ३१०४ नम्बरको ट्रकमा र पसलभित्र रहेको इन्धन ट्रकसहित नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक वसन्तबहादुर कुँवरले जिल्ला र मातहतका निकायले अवैधरुपमा ल्याएका र भण्डारण गरेका इन्धन जफत गर्ने अभियान सञ्चालन गरिएको बताए । जिल्ला प्रहरीले यसअघि पटकपटक अवैध इन्धन बरामद गरेको थियो । पर्साको ठोरी हुँदै चितवनको माडीको बाटो प्रयोग गरेर नाकाबन्दीको समयमा दैनिक एक लाख ५० हजार लिटर इन्धन भित्रिँदै आएको चितवनमा नाकाबन्दी खुलेपछि पनि इन्धन भने सहज हुन सकेको छैन । स्थानीय प्रशासनले ठोरीको बाटो पूर्ण नियन्त्रणमा लिए पनि जिल्लामा इन्धनको कालोबजारी भइरहेको छ ।

## सडक निर्माणको अनुगमन

चितवनको निर्वाचन क्षेत्र नम्बर ४ मा भएका विकास निर्माणका कामको जिल्ला विकास समिति चितवन र व्यावस्थापिका संसद् सदस्यसहितको टोलीले अनुगमन गरेको छ । समितिले सो क्षेत्रमा भएको सडक निर्माण कार्यको अनुगमन गरेको हो ।अनुगमनका क्रममा अधिकांश स्थानमा सडक निमार्णको काम सुरु गरिएको भएपनि आवश्क कच्चा पदार्थको अभावका कारण काम प्रभावकारीरुपमा अगाडि बढ्न नसकेको पाइएको थियो । जिल्लाका विभिन्न स्थानमा रहेका खोलाहरुबाट ल्याइनुपर्ने ग्राबेल राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका कारण ल्याउन नपाउँदा सडकहरु निर्माणको काम रोकिएको स्थानीयहरुले बताएका छन् ।

संविधान निर्माणपछि कार्यान्वयन हुने आफ्नो पाटोमा रहेको भन्दै अब गाउँ समाज विकासमा जोड दिन समेत उनीहरुले अनुगमनमा गएको टोलीलाई आग्रह गरेका छन् । चितवन क्षेत्र नम्बर ४ बाट व्यावस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने रामकृष्ण घिमिरे, चितवनका स्थानीय विकास अधिकारी श्रवणकुमार पोखरेल, जिल्ला प्राविधिक कार्यालयका प्रमुख सञ्जीव श्रेष्ठ, विकास समितिका सूचना अधिकृत बलराम लुइँटेललगायत सहभागी टोलीले अनुगमन गरेको हो ।पश्चिम चितवनको विभिन्न स्थानमा गरिएको अनुगमनका क्रममा रामपुर-चनौली सडक खण्हुलाकी सडक, चित्रवन नगरपालिकाभित्रका सडकहरु छन् । सडकको अनुगमनपछि सांसद् घिमिरेले अहिले मुलुकमा देखिएको असहजताका कारण विकास निर्माणको काम केही असहज बनेकको भएपनि तत्काल यसलाई सहजरुपमा अघि बढाउन सम्बन्धित सबैलाई आग्रह गरेको बताए ।जनताको चाहनाअनुसार विकास निमार्णको काम सुरु भएको भन्दै अझै यसलाई प्रभावकारी बनाउनका लागि अनुगमनमा गएको टोलीले स्थानीयलाई आग्रह गरेको छ ।

## बाबुराम भट्टराईलाई एउटा पत्र




**बाबुराम सर, नमस्कार**

दस वर्षसम्म देशमा सशस्त्र युद्ध गर्नुभयो, हजारौँ नेपालीले ज्यानको आहुति दिए, अर्बौंको संरचना ध्वस्त भयो । सो युद्धकै धरातलमा उभिएर संविधान सभाको निर्वाचन भयो । दोस्रोपटकमा संविधान ल्याउनुभयो, नेपालको संविधान भनौँ कि नेपालीको संविधान १ त्यसका लागि तपाईंलाई धन्यवाद । हुन त, तपाईंले यो धन्यवाद स्वीकार्नु हुन्छ या हुन्न, म जान्दिनँ । जहाँ तपाईंका समकक्षीहरु खुल्लामञ्चमा देशले अब फड्को मारेको भन्दै विदेशीलाई सत्तोसराप गर्दै थिए त्यहाँ तपाईं देखिनुभएन, देखिनु भयो त अनुहार पुस्तकमा या कुनै सिनेमा हेरेको तस्बिरमा । आफूले नै जन्माएको सन्तानको अभिभावकत्व स्वीकार गर्न नसक्ने तपाईंको कस्तो राजनीति, दैव जानून्

आजकल जताततै तपाईंले खोल्न लाग्नुभएको नयाँ शक्तिको बहस सुन्छु । तातो बहस हो कि राजनीतिक बहसमात्र हो, खालि म यो कुरा बुझ्दिनँ । जो मान्छे अस्तिसम्म नयाँ संविधानले तपाईंका सारा दुःख हरण गर्छ भन्दै चुनावमा लड्नुभएको थियो, त्यो विचार नै तपाईंलाई पुरानो लाग्न थाल्यो अनि खोल्न लाग्नुभयो 'नयाँ शक्ति' । तपाईं भने पुरानै मान्छे अनि त्यही जातीयताको कुण्ठित विचार तर तपाईंले खोल्ने शक्तिचाहिँ नयाँ रु कोटावाद, कमिसनवाद र भ्रष्टाचारले घेरिएको सरकारी संयन्त्रले कसरी गर्न सक्छ आर्थिक क्रान्तिको योजना

के तपाईंको 'नयाँ शक्ति' ले त्रिभुवन विमानस्थलमा विदेश उड्न ठिक्क परेका युवाका बारेमा केही सोचेको छ रु अब यो देशका खम्बाहरु मक्काउन थालिसकेका छन् । अझै केही समयसम्म तपाईंहरुका सत्तामा लिप्त राजनीतिको श्रृंखला समाप्त नहुने हो भने देश थला पर्ने निश्चित छ । सधैँभरि रेमिट्यान्सले तपाईंहरुका महँगा चाहनाहरु पूरा गर्न सक्दैन । डाक्टरसाब, कोटाको खोलमा जबर्जस्ती बनाइएका डाक्टरहरुले हाम्रो उपचार गर्न सक्दैनन् । कोटाका प्रहरीले हामीलाई सुरक्षा दिन सक्दैनन् ।

हामी साधारण युवाहरु हौँ, चर्का भाषणले हामीलाई उत्तेजित बनाउँदैन । हामी साना-साना कुरा चाहन्छौँ । देशमा गरिखान पाइयोस् । हामी चाहन्छौँ, हाम्रो भविष्य अरबका तेलका कुवा र खजुरका बगानमा समाप्त नहोस् । बाबुराम सर बिन्ती छ, तपाईंको सत्ता प्राप्तिको भ¥याङ्का रुपमा युवाहरुको प्रयोग नगर्नुहोला । न त यो देश क्रान्तिको नाममा नयाँ युद्ध लड्न सक्ने अवस्थामा छ, न त आर्थिक क्रान्तिका लागि अर्को युगको प्रतीक्षा गर्न सक्ने अवस्थामा छ । त्यसैले, तपाईंले खोलेको 'नयाँ शक्ति' बेमौसमको बाजा नहोस्

**रामपुर क्याम्पस, रामपुर**

पुनश्च : सरू साप्ताहिक ई-पेपर सम्बन्धि सुझाब सल्लाह वा बिज्ञापन दिनु परेमा हामो कार्यलय को नं. ९८४५६७४३६५ मा सम्पर्क गर्न सक्नुहुनेछ । तपाई ले दिनु भएको सुझाब सल्लाहलाई आत्मसाथ गर्दै हामी अघि बढनेछौ ।

– सरू अनलाईन ई-पेपर परिवार, माडी, चितवन